मिति २०७३/११/३२ मा बसेको आ.व. ०७३/०७४ को १७ औं सचिव बैठकका निर्णयहरु

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
१.	नेपाल सरकारले मिति २०७४ साल बैशाख ३१ गते स्थानीय तहको निर्वाचन गर्ने घोषणा गरिसकेको अवस्थामा निर्वाचन अवधिभर निर्वाचन कार्यमा हुने कर्मचारी खटनपटनमा असर पर्ने गरी कुनै पनि मन्त्रालय/निकाय/विभागबाट गोष्ठी, तालिम, सेमिनार आदि सञ्चालन नगर्ने तर एकै जिल्लाभित्रका कर्मचारीहरु सहभागी हुने अल्पकालीन अवधि वा यस्ता कार्यक्रम सञ्चालन गर्नु परेमा निर्वाचन कार्यक्रममा असर नपर्ने गरी सञ्चालन गर्न सकिने।	सम्बन्धित सबै मन्त्रालय /निकाय		निर्वाचान आयोग	तत्काल
२.	स्थानीय तहको निर्वाचनको लागि हाल कायम भएका ७४४ वटा एकाईमा २०७३ साल चैत्र ३ गते भित्रमा तोकिएको स्थानमा कर्मचारी पुग्ने गरी कर्मचारी खटनपटनको व्यवस्था मिलाउन सामान्य प्रशासन मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई आपसी समन्वय गरी गर्न निर्देशन दिने। साथै यसरी कर्मचारी खटनपटन हुन अघि तत्कालैबाट निर्वाचनसम्बन्धी कार्य गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले प्रत्येक स्थानीय तहमा कायम मुकायम वा निमित्त मुकरर गरी सोको जानकारी यथासंभव छिटो निर्वाचन आयोगलाई दिने।	सामान्य प्रशासन मन्त्रालय /संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय	सबै मन्त्रालय /निकाय	निर्वाचान आयोग	०७३ चैत्र ३ गते
३.	स्थानीय तहमा स्वीकृत दरवन्दी बमोजिमको कर्मचारी खटाउँदा संभव भएसम्म सम्बन्धित सेवा/समूहका कर्मचारी खटाउने र सो संभव नभएमा अन्य उपयुक्त सेवा समूहबाट कर्मचारी व्यवस्थापन गर्न सामान्य प्रशासन मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिने।	सामान्य प्रशासन मन्त्रालय /संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय	सबै मन्त्रालय /निकाय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०७३ चैत्र ३ गते

मुख्य सचिव

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
४.	स्थानिय तहको पुनर्संरचना भई नेपाल राजपत्रमा प्रकाशित भई सकेको हुँदा नागरिकतामा, जग्गाधनी प्रमाणपत्र लगाएतका विवरण श्रेस्ताहरुमा व्यक्तिको ठेगाना मिलान गर्न Software समस्या समाधान कर्मचारी व्यवस्थापन र तत्काल सेवा प्रवाहको प्रवन्ध मिलाउने।	गृह मन्त्रालय/भूमिसुधार तथा व्यवस्था मन्त्रालय	-	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
५.	स्थानिय तह व्यवस्थापन र सेवा प्रवाहका लागि स्थानीय तहमा जुनसुकै कर्मचारी भए पनि खटाइएको ठाउँमा पठाउने व्यवस्था सचिव स्वयंले गर्ने - संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय र सामान्य प्रशासन मन्त्रालय ले अनुगमन गरी मुख्य सचिवलाई जानकारी गराउने।	सम्बन्धित मन्त्रालय /निकाय	-	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
६.	आगामी वर्षको बजेट तर्जुमा गर्दा संविधान बमोजिमको कार्यसूचि विस्तृतीकरण बमोजिम कार्य जिम्मेवारी (Function), बजेट (Fund) र कर्मचारी (Functionaries) स्थानीय तहमा पठाउने गरी विभाग मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले व्यवस्था गर्ने। यसका लागि बजेट प्रणाली परिमार्जन गरी अर्थ मन्त्रालयले कार्यान्वयन गराउने व्यवस्था गर्ने।	सबै मन्त्रालय /निकाय	सामान्य प्रशासन मन्त्रालय/ अर्थ मन्त्रालय/ राष्ट्रिय योजना आयोगको सचिवालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
७.	हाल संचालित केन्द्रीयस्तर र जिल्लास्तरका आयोजना सम्पन्न गर्ने गरी आगामी वर्षको वजेट तथा कार्यान्वयन व्यवस्था मिलाउने गरी राष्ट्रिय योजना आयोगले समन्वय गर्ने।	सम्बन्धित मन्त्रालय /निकाय	राष्ट्रिय योजना आयोगको सचिवालय/अर्थ मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	तत्काल
८.	स्थानियस्तरमा रहेको पूर्वाधारको न्यूनता सेवाको कमी र गुणस्तर सुधारलाई सम्बोधन गरी स्थानीय विकास एवं स्थानीय आर्थिक विकास गर्न अत्यावश्यक भएकोले आगामी वर्षको बजेटमा यस आ.व.मा स्थानीय निकायले प्राप्त गरेको पूँजिगत अनुदानमा कम्तीमा सतप्रतिशत बृद्धि गरी अर्थ मन्त्रालयले स्थानीय तहलाई अनुदान उपलब्ध गराउने। संघीय मामिला तथा	संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय	अर्थ मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर

मुख्य सचिव

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
	स्थानीय विकास मन्त्रालयले वृद्धि भएको पुँजिगत अनुदानलाई सशर्त अनुदानको रुपमा सुत्रमा आधारित भई स्थानीय तहहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउने।				
९.	स्थानीय तहको आसन्न निर्वाचनका लागि निर्वाचन आयोगसँग समन्वय गर्न सबै मन्त्रालय/केन्द्रीय निकायले कम्तीमा रा.प.प्रथम स.स. स्तरको कर्मचारीलाई सम्पर्क विन्दू (Focal Point) तोकी निर्वाचन आयोगलाई जानकारी दिने।	सबै मन्त्रालय /निकाय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निर्वाचन आयोग	तत्काल
१०.	मन्त्रालयका सचिव ३ दिनभन्दा बढी विदा स्वीकृत गराई विदा बसेको र मुलुक बाहिर भएको अवस्थामा मात्र निमित्त सचिवबाट नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पठाउने पद्धति अवलम्बन गर्ने।	सबै मन्त्रालय /निकाय		प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	तत्काल
११.	चालु आ.व.मा वेरुजु फछ्र्यौट गर्ने कार्यको मासिक कार्ययोजना बनाई वेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिमा ३ दिन भित्र पठाई कार्यान्वयन गर्ने।	सबै मन्त्रालय /निकाय	अर्थ मन्त्रालय	वेरुजु फछ्र्यौट तथा मूल्यांकन र अनुगमन समिति	३ दिन
१२.	नेपाल सरकारले स्थानीय तह कार्यान्वयनमा ल्याइसकेको तर सो अनुरुप कानून पुनरावलोकन नभएकोले मन्त्रालयहरुले आफ्नो मन्त्रालय सम्वद्ध कानूनहरुलाई संविधानमा भएको व्यवस्था र नेपाल सरकारबाट स्वीकृत भएको संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची भित्र पर्ने गरी भईरहेका कानून तत्कालै पुनरावलोकन गर्ने र नयाँ कानून निर्माण गर्दा समेत सोही अनुरुप गर्ने।	सबै मन्त्रालय /निकाय	कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय	नेपाल कानून आयोग	तत्काल

मुख्य सचिव